नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५

(नेपाल सरकार सचिवस्तरिय निर्णयबाट स्वीकृत मिति २०७५/०३/११)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**

# जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५

## प्रस्तावना

बाली विरुवाहरु उत्पादनको क्रममा र उत्पादन उपरान्त समेत अनेकन रोग कीरा लगायतका शत्रुहरुले आक्रमण गरेर उल्लेख्य मात्रामा नोक्सानी पुर्याउँदै आई रहेका छन् । बाली शत्रुबाट हुने क्षती व्यवस्थापन गर्न, मानव स्वास्थ्य, पशु स्वास्थ्य र अन्न भण्डारणमा लाग्ने कीराहरु नियन्त्रण गर्न पनि बिभिन्न रासायनिक विषादीहरुको प्रयोग गरिन्छ। रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्य, जीवजन्तु र वातावरणमा पनि अल्पकालिन र दीर्घकालिन रुपमा विभिन्न नकारात्मक असर पार्दछ ।बाली उत्पादनमा रासायनिक विषादीको विकल्पलाई प्रवर्द्धन गर्न राष्ट्रिय कार्यक्रमको रुपमा एकिकृत शत्रुजीव व्यवस्थापन कार्यक्रमलाई बाली संरक्षणको रणनीतिको रुपमा अंगिकार गरिएको छ ।रासायनिक विषादीको विकल्पमा सरल र सहज रुपमा वानस्पतिक र जैविक विषादीको उत्पादन र उपयोग उपलब्धता यथेष्ट रुपमा हुन नसकी रहेको अवस्था छ । अतः बाली संरक्षणका प्रभावकारी र वातावरण मैत्री प्रविधिहरुको बिकास र अवलम्वनलाई प्रेरित गरेर दीगो कृषि बिकासलाई टेवा पुर्याउन राज्यको तर्फबाट जैबिक र वानस्पतिक विषादी प्रवर्द्धनको व्यवस्था गर्ने अति आवश्यक देखिएको छ ।नेपाल सरकारबाट "जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, २०७४" स्वीकृत भई कार्यान्वयनमा आईसकेकोपनि छ। बाली संरक्षणका प्रभावकारी र वातावरण मैत्री प्रविधिहरुको विकास र अवलम्वनमा निजि क्षेत्रलाई प्रेरित गरेर शुरक्षित विषादीको उपलब्धता र प्रयोग वृद्धि गरी दीगो र शुरक्षित कृषि विकासलाई टेवा पुर्याउनु अत्यावश्यक देखिएको परिप्रेक्ष्यमा यस किसिमका प्रयोगशालाहरु स्थापना सम्बन्धी कार्यहरु निजीक्षेत्रको लागत सहभागितामा सञ्चालन गर्ने गरी प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाले निजी क्षेत्रलाई बहुवर्षिय कार्यक्रम अन्तर्गत बढिमा २ वर्ष भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न एवं सञ्चालनमा ल्याउन प्रतिस्पर्धा र लागत सहभागिताको आधारमा जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ तयार गरी लागु गरेको छ।

यस परियोजनाको मूल दस्तावेजमा व्यवस्था भए वमोजिम वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अवलम्वन गर्ने तथा असल कृषि अभ्यास लाई कृषि प्रणालीमा अवलम्वन गर्र व्यवसायिकरण र औद्योगिकीकरण गर्ने उदेश्य हासिल गर्नको लागि परियोजना लागु भएका क्षेत्रमा जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणमा सहयोग पुर्याउने यस कार्यविधिको उदेश्य रहेको छ ।

## परिच्छेद १ प्रारम्भिक

### १ संक्षिप्त नाम प्रारम्भ र परिभाषा

१.१ यस कार्यविधिको नाम जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

१.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१.३.१ "परियोजना" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्झनु पर्छ ।

१.३.२"कार्यक्रम" भन्नाले जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणका लागि मेशिनरी औजार उपकरणमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

१.३.३ "भौतिक पुर्वाधार" भन्नाले जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारहरु भवन, बिजुली, पानी, सडक, प्रयोगशाला उपकरण, रसायन, मेशिनरी औजारहरु आदि सम्झनु पर्छ ।

१.३.४ "प्रयोगशाला" भन्नाले दफा ३.१.१ बमोजिम स्थापना हुने जैविक विषादी उत्पादन प्रयोगशाला लाई सम्झनु पर्छ ।

१.३.५ "जैविक विषादी" भन्नाले शत्रुजीव आकर्षण तथा विकर्षण गर्न, मार्न, कृषि, पशुस्वास्थ्य, जनस्वास्थ्य, रेशम, मौरी च्याउ, काष्ठ पैदावार घरायसी प्रयोजनका लागि प्रयोग गरिने वानस्पतिक तथा जैविक श्रोतबाट उत्पादित ठोस, तरल बा ग्यास पदार्थलाई जनाउँदछ ।

१.३.६ "प्रस्ताव" भन्नाले आवेदकले जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणका लागि आवश्यक पर्ने मेशिनरी औजार उपकरणका लागि अनुदान पाउन परियोजना समक्षदफा ३.१.५. वमोजिम पेश गरेको निवेदन सम्झिनु पर्छ ।

१.३.७ "आवेदक" भन्नाले जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणका लागि अनुदान सहयोग लिन परियोजना समक्ष अथवा परियोजनाले तोकेका निकाय समक्ष आवेदन दिएका कृषि फर्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी सँस्थालाई जनाउदछ ।

१.३.८ "संस्था" भन्नाले व्यवसायिक रुपमा जैविक विषादी उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको कृषि फर्म/कम्पनी/ कृषक समूह/ कृषि सहकारी संस्थालाई जनाउँदछ ।

१.३.९ "निजि क्षेत्र" भन्नाले व्यवसायिक रुपमा जैविक विषादी उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भएको कृषि फर्म, कृषि कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउँदछ।

१.३.१० "अनुदानग्राही" भन्नाले जैविक विषादी उत्पादन प्रयोगशाला निर्माणका लागि अनुदान पाउनका लागि दफा ४.५ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ।

१.३.११ "मन्त्रालय" भन्नाले कृषि क्षेत्र हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनुपर्दछ।

## परिच्छेद २ उद्देश्य

२.१ कार्यक्रमको उद्देश्यः जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

२.१.१जैविक विषादीको उपलब्धता वृद्धि गर्ने ।

२.१.२जैविक विषादीको उत्पादन तथा प्रयोगमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने ।

२.१.३रसायनिक विषादीको विकल्पमा शुरक्षित विषादीको प्रवर्द्धन गर्ने ।

२.१.४उपभोक्ताहरुलाई गुणस्तरीय कृषि उत्पादन आपूर्तिमा टेवा पुर्याउने

२.१.५विषादीको आयातलाई न्युनिकरण गर्ने ।

## परिच्छेद ३ कार्यक्रम सञ्चालन प्रक्रिया

३.१ जैविक विषादी उत्पादन प्रयोगशाला निर्माण कार्यक्रम सञ्चालन क्षेत्र तथा कम्पनी छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:

३.१.१ यो कार्यक्रम प्रत्येक प्रदेशमा एक–एक वटाको दरले सात प्रदेश अन्तर्गतका सात जिल्लामा प्रयोगशाला स्थापना हुनेगरी सँस्था सँगको साझेदारिमा सञ्चालन गरिनेछ।एक सँस्थाले एकभन्दा बढि स्थानबाट आवेदन दिन तथा छनौट हुन सक्ने छ । तर यसको लागि छुट्टा छुट्टै प्रस्ताव ठाउ किटान गरेर राखु पर्ने छ ।

३.१.२ उपदफा (३.१.१) बमोजिमको स्थानमा स्थापना हुने प्रयोगशालाका लागि क्षमता अनुसार प्रयोगशालासञ्चालन गर्न आवश्यक पर्ने आधारभूत कुराहरुको सम्भाव्यता भएको हुनु पर्ने ।

३.१.३ प्रस्तावित प्रयोगशाला स्थापनाका लागि अनुसची -१ मा उल्लेखित भए बमोजिमको मापदण्ड पुगेको हुनु पर्ने ।

३.१.४ प्रयोगशाला स्थापनाका लागि निजीक्षेत्रबाट प्रस्ताव आव्हान गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले ३० दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

३.१.५ मापदण्ड पुरा गर्ने आवेदकले अनुसूची २ मा उल्लेख भएका कागजातहरु संलग्न राखि आवेदन प्रस्ताव सूचनाको अन्तिम म्याद भित्र पेश गर्नुपर्नेछ ।

३.१.६ मापदण्ड पुरा गर्ने संस्थाले पेश गरेको प्रस्ताव कार्यविधिको दफा ४.३ मा गठित मूल्यांकन समितिले स्वीकृत मूल्याङ्कनका आधारमा मूल्यांकन गर्नेछ। प्रस्ताव छनौट हुन कम्तिमा ७०% अंक प्राप्त गर्नु पर्नेछ र मूल्यांकनमा सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव, प्रस्तावित जग्गाको स्थलगत निरिक्षण पश्चात छनौटका लागि सिफारीस गरिनेछ।

३.१.७ प्रस्ताव सिलबन्दी गरि सूचनाको ३१औं दिनको १२.०० बजे भित्र पेश गर्नुपर्नेछ । सो प्रस्ताव नियम अनुसार आवेदकको उपस्थितिमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ ।यदि सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । सो समयमा आवेदक उपस्थित नभएमा पनि सिलबन्दी आवेदन खोल्न बाधा पर्नेछैन ।

**३.२. कार्यक्रम कार्यान्वयनः** यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछः

३.२.१ कार्यक्रम सन्चालनका लागि प्राविधिक फोकल शाखाको रुपमा परियोजनाको प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा रहनेछ।

३.२.२ यस कार्यविधिको अनुसुची-१ अनुसारको मापदण्ड पुगेका कम्पनीले अनुसुची -२ को ढाँचाको फारम भरी अनुसुची -३ अनुसारका कागजातहरु सहितपरियोजना व्ययवस्थापन इकाईमा सूचनामा तोकिएको म्याद भित्र प्रस्ताव दर्ता गर्नु पर्नेछ।

३.२.३ सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको मुल्याङ्कन प्रस्ताव मूल्यांकनसमितिले गर्नेछ।

३.२.४ सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पुर्वाधारहरुको Appraisalपरियोजना र सम्बद्ध परामर्शदाताहरुले गर्नेछन्। यसको सर्वेक्षण तथा कार्यान्वयनको चरणमा आवश्यक पर्ने प्राविधिक रेखदेख, सुपरिवेक्षणपरियोजना र सम्बद्ध विज्ञहरुबाटहुनेछ ।

**३.३ प्रस्ताव मूल्याङ्कनतथा सिफारिस समितिको गठनः** ३.३.१ कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको प्रस्ताव मूल्यांकन समिति रहनेछ।

३.३.१.१ परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत (परियोजना) अध्यक्ष

३.३.१.२कानुन उपसचिव/अधिकृत प्रतिनिधि, (मन्त्रालय) सदस्य

३.३.१.३आर्थिक प्रशासन शाखा प्रमुख, आर्थिक प्रशासन शाखा (परियोजना) सदस्य

३.३.१.४ वरिष्ठ कृषिइन्जिनियर, प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा (परियोजना)सदस्य

३.३.१.५वरिष्ठ कृषि अधिकृत, प्रविधि बिस्तार तथा पुर्वाधार विकास शाखा (परियोजना)सदस्य

३.३.१.६ खरिद ईकाई प्रमुख (परियोजना) सदस्य-सचिव

३.३.२समितिले आवश्यकताका आधारमा बढिमा ३ जना सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

३.३.३दफा ३.३ वमोजिम गठीत समितिले सूचना बमोजिम प्राप्त आवेदन प्रस्तावहरुको अनुसुचि ४ वमोजिमको प्राविधिक मुल्याङ्कनमा उत्कृष्ठ ठहर भएको प्रस्तावकको स्थलगत अनुगमन निरीक्षणगरी मापदण्ड पुरा भएको पाइएमा संझौताका लागि सिफारीस गर्ने छ र फिल्ड निरिक्षणवाट उत्कृष्ठ प्रस्ताव अस्विकार भएमा सफल भएको दोश्रो/वैकल्पीक आवेदकलाई क्रमशः प्राथमिकता दिइने छ ।

३.४ अनुदान रकम स्वीकृती र संझौता

३.४.१ स्वीकृत बजेटको अधिकतम २.५ प्रतिशत रकम कन्टिन्जेन्सि कटाई बाकी रकम कार्यक्रममा उल्लेख भए बमोजिम प्रयोगशाला स्थापनाका लागि आवश्यकपर्ने मेशिनरी औजार उपकरण खरिदमा नेपाल सरकारबाट कुल मेशिनरी औजार उपकरण खरिद लागतको ५०% सम्म वा वढिमा रु. २५०००००.० सम्म (नियमानुसार लाग्ने कर सहित) अनुदान रकम भुक्तानी दिइने छ। कन्टिन्जेन्सी (Contingency)बापत कट्टा गरिएको रकम कार्यक्रम अनुगमन तथा सूचना प्रकाशन, बैठक भत्ता आदिआवश्यक कार्यहरुको लागि खर्च गरिने छ ।अनुदानग्राहीलेअनुदान बाहेकको प्रयोगशाला स्थापनाको लागि आवश्यक पर्ने जग्गा सहितका भौतिक पूर्वाधार निर्माण लगायतकासम्पुर्ण खर्चहरुआफैं बेहोर्नु पर्नेछ।

३.४.२ मूल्यांकन समितिबाट मूल्यांकन भई प्राप्त सिफारीसका आधारमा परियोजनाले सँस्थासँग अनूसूची ५ को ढाँचामा प्रतिवद्धता लिई संझौता गरि कार्यदिश दिइनेछ ।

३.५ कार्यान्वयन प्रकृया:

३.५.१ छनौट भएका सँस्थाहरुले कार्य प्रारम्भ गर्नुपूर्व नियमअनुसार नक्सा पास गराउनु पर्ने र विषादी उत्पादन तथा विक्रिवितरण गर्नको लागि कानुन वमोजिमको स्विकृत लिने लगायतका प्रक्रियाहरु पुरा गर्नुपर्नेछ ।

३.५.२प्रयोगशालास्थापनाका लागि सम्पूर्ण भौतिक पुर्वाधार निर्माणको कार्य र मेशिनरी औजार उपकरणको जडान लगायतका कार्यहरु सम्झौता मितिले बढिमा २वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ ।अन्य शर्तहरु सम्झौतामा तोकीए बमोजिम हुनेछ ।

३.५.३संझौता पश्चात शुरुमा बैंक जमानतको आधारमा अनुदान रकमको बढीमा २०% प्रतिशत मोविलाइजेसन पेश्की उपलब्ध गराउन सकिनेछ।

३.५.४ कार्य प्रगती र सुपरिवेक्षणको आधारमा तोकीएको प्राविधिकले पेश गरेको रनिङ्ग/अन्तिम बिल वमोजिमको नेपाल सरकारले वेहोर्ने रकमलाई पटक पटक गरी बढिमा ३ किस्ता

(साधारणतया: पहिलो, दोस्रो र तेस्रोमा क्रमश: २०, ३०, र ५०%) मा भूक्तानी गरिने छ । मेशिनरी औजारहरु तथा निर्माण सम्बन्धी सामाग्रीहरु विदेशबाट आयात गर्नुपर्ने भएमा सोको Letter of Credit खोलेको बैंकको प्रमाणित कागजात तथा बैंक जमानतको आधारमाअनुदानरकमको बढिमा ५०% सम्म भुक्तानी दिन सकिनेछ ।

३.५.५ अनुदानको अन्तिम किस्ता भुक्तानीका लागि पेश गर्दा प्रयोगशालासञ्चालनसम्बन्धी आचार संहिता पेश गरी स्वीकृतीभए पश्चात मात्र भुक्तानी गरिनेछ ।

३.५.६प्रयोगशाला निर्माणसंग सम्बन्धित मेशिनरी औजार उपकरण, रसायन लगाएत अन्य निर्माण सामाग्रीहरु जस्तैः सिमेन्ट, छड, गिट्टि, बालुवा, काठ, पफ प्यानल, प्रि फ्याव स्टिल स्ट्रकचर आदिमा लाग्ने सेवा शुल्क सम्बन्धित आवेदकले व्यहोर्नु पर्नेछ।

३.६ अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः

३.६.१सन्चालित कार्यक्रमहरुको नियमित अनुगमन मन्त्रालय र परियोजनाबाट हुनेछ ।अनुगमन निरीक्षणको क्रममा प्राप्त सुझाव तथा निर्देशनहरु अनुदानग्राहिले पालना गर्नु निजको कर्तव्य हुनेछ ।

## परिच्छेद ४ विविध

४.१ निर्माण अवधि: प्रयोगशालाको क्षमता र प्रकृती अनुसार निर्माण अवधि सम्झौताको मितिले बढीमा २ आर्थिक वर्षको हुनेछ । सम्झौतामा तोकिएको अवधि भित्र निर्माण सम्पन्न नगरेमा सो समयावधि भित्र मेशिनरी औजार उपकरण खरिदमा जे जति अनुदान रकम भुक्तानी भएको छ, सोको मात्र मूल्यांकन गरी हिसाव मिलान गरिनेछ ।

४.२ प्रारम्भिक कार्यः प्रारम्भिक कार्य स्वरुप पर्खाल, बार बन्देज, गेट, जमिन सम्याउने, फ्लोर तयार गर्ने, लगाएतका निर्माण कार्यहरु आवेदन गर्न वा छनौट हुनु पूर्व गर्न पाईने छ, तर यस्ता सम्पन्न भैसकेका प्रारम्भिक निर्माण कार्यहरु प्रयोगशालाको लागत इस्टिमेटमा गणना गर्न सकिने छैन ।

४.३ दोहोरो सुविधा लिन नपाउने:

४.३.१ प्रस्तावित कार्यको लागि नेपाल सरकारबाट यस अघि कुनै अनुदान वा बैंकबाट सोही कार्यका लागि ब्याज अनुदान प्राप्त गरेका व्यक्ति वा संस्थाले यस कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

४.४ नेपाल सरकारबाट अनुदान प्राप्त गरी निर्माण भएको प्रयोगशाला निर्माण सम्पन्न पश्चात ५ बर्ष सम्मका लागि कुनै बैंक वा वित्तीय संस्थामा धितो बन्धक राखी ऋण लिन र बिक्री वितरण

गर्न पाइने छैन । तर कम्पनीको नाममा रहेको जग्गा भने बैंकमा धितो राखी यसै कार्यका लागि मात्र ऋण लिन वाधा पर्ने छैन ।

४.५ यसै कार्यविधि बमोजिम हुने

४.५.१ परियोजना, परियोजना अन्तर्गत संचालित सुपर जोन र जोनहरुबाट आगामि बर्षहरुमा समेत स्थापना हुने प्रयोगशालानिर्माण तथा सन्चालन कार्य यसै कार्यविधि बमोजिम हुनेछ ।

४.६ प्रचलित कानुन बमोजिम हुने

४.६.१ यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

४.७ कार्यविधि संशोधनः

४.७.१ परियोजना कार्यान्वयन समितिले मन्त्रालयको स्विकृतिमा आवश्यकता अनुसार यस कार्यविधिमा परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची १

### दफा ३.१.१ वमोजिम प्रयोगशाला स्थापनार्थ आवश्यक पर्ने संस्थाको मापदण्ड

१) प्रचलित कानुन बमोजिमसूचना प्रकाशन भएको मिति अगावै दर्ता भई स्थाई लेखा नम्वर लिएका, संस्थाहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

२) संस्थाको विधान/प्रवन्धपत्र/नियमावली/दर्ता प्रमाणपत्रमा संस्थाको उद्देश्य जैविक विषादि प्रयोगशाला स्थापना तथा संचालन सम्बन्धी हुनुपर्नेछ ।

३) प्रयोगशाला स्थापना गर्न न्युनतम ५ रोपनी उपयुक्त जग्गा सँस्थाको आफ्नो नाममा वा संचालक सदस्यको नाममा हुनुपर्नेछ र छनौट भएको आवेदकको हकमा सम्झौता गर्नुपुर्व सँस्थाको नाममा जग्गा कायम गर्नु पर्नेछ ।करारनामाको जग्गा मान्य हुने छैन ।

४) कम्तिमा ९ मिटर फराकीलो सडक, विद्युत र थ्री-फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यबस्थापन तथा सुलभ पहुंच भएको हुनु पर्नेछ ।

५) आवेदकले संस्थाको तर्फबाट मेशिनरी औजार उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट व्यहोरिने ५०% अनुदान बाहेकको रकमको लागि बैंकको आशय पत्रLetter of Intentस्पष्ट अंकमा र अक्षरमा उल्लेख गरेको तथा सुचना प्रकाशन भए पश्चात यस परियोजनालाई सम्बोधन गरी जारी भएकोपेश गर्नु पर्नेछ ।

६) प्रस्ताव मूल्यांकनमा जैविक विषादी उत्पादन क्षेत्रमा अनुभव भएको सँस्थालाई प्राथमिकता दिईनेछ ।

७) यस अघि नेपाल सरकारबाट कृषि सम्बन्धि कुनै अनुदान प्राप्त गरेको सँस्था भए उक्त अनुदानबाट संचालित योजना सफलता पुर्वक संचालन भै राखेको हुनुपर्नेछ ।

अनुसुची २

दफा ३.१.५ वमोजिम प्रस्ताव माग फाराम

१. संस्था/कम्पनीको नाम: ठेगाना:

२. संस्था/कम्पनी दर्ता भएको मिति: दर्ता भएको कार्यालय:

३. सम्पर्क व्यक्तिको नाम: ईमेल: सम्पर्कन.:

४. लाभान्वित कृषक संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:

५. प्रक्षेपित कारोवार शुरु हुने मिति:

६. प्रक्षेपित कारोवार विवरण:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवार क्षेत्र/जिल्लाहरु:

८. कम्पनीको चल अचल पूंजीको विवरण:

९. उपलब्ध हुने जग्गाको विवरण:

(क)पाखो(Up Land)/खेत(Low Land):

(ख)क्षेत्रफल:

(ग)सडकको पहुँच:     मार्गको अवस्था:

फराकिलो:मुख्य सडकसम्मको दुरी:

यहाँ

प्रस्तावित प्रयोगशाला निर्माण हुने ठाउँ

नक्सामा देखाउनु होस् ।

(घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी: ..की. मि.

छैन भने आवश्यक संभावना विवरण:

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्नेभए:

१०.कम्पनीको आबश्यकता (भौतिक पुर्वाधार तथा मेशिनरी औजार) को विवरण

प्रयोगशालाको क्षमता:

अन्य भौतिक पुर्वाधार र तिनको क्षमता:     मेशिनरी उपकरणहरु:

कार्यालय:     सेड हाउस सख्या:

११. अनुसुची ३ मा उल्लेख भएको विवरणहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ। आंशिक र अपुर्णरुपमा पेश भएका एवं समय सिमा भित्र दर्ता नभएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य विवरण (केहि विवरण स्पष्ट पार्नु पर्ने भएमा):

उपर्युक्त विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई सो अनुसार कारबाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला:

साक्षी:     निबेदक:

दस्तखत:     दस्तखत:

नाम:     नाम:

पद:     पद:

मिति:     मिति:

## अनुसुची -३

## दफा ३.१.५ वमोजिम संलग्न गर्नु पर्ने कागज पत्रहरु

१. सँस्था/कम्पनी दर्ताको गत आ.ब. सम्म नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।

२. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व सँस्था/कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा ।

५. आगामी १० वर्षको लागि ब्यवसायिक योजना (Business Plan) ।

८. पूर्वाधार विकासका (भवन, सेड हाउस, मेशिनरी औजार)को ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा तथा लागत अनुमान ।

९. जग्गाको लालपूर्जाको प्रतिलिपि ।

१०. आवेदक सँस्थाले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent) ।

११. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजी, ब्यवसायिक योजना सहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१२. प्रस्तावित प्रयोगशालाका लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभवर कोटेशन

१३. प्रयोगशाला स्थापना पूर्वाधार विकास निर्माण गर्ने कार्यतालिका ।

१४. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।

## अनुसुची -४

### दफा ३.३.१ वमोजिम प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

| सि.नं. | आधार | अङ्क भार | कारण |
|---|---|---|---|
| १. | जग्गा/बिजुली/सडक | ३० | |
| १.१ | जग्गा | २० | |
| १.१.१ | सँस्था/कम्पनीको नाममा जग्गा भएको | २० | |
| १.१.२ | प्रोप्राइटरको नाममा जग्गा भएको | १५ | |
| १.२ | बिजुली र सडक | | |
| १.२.१ | सडक | बढिमा ५ | |
| १.२.२ | बिजुली | बढिमा ५ | |
| २. | डिजाइन/इस्टिमेट | २५ | |
| २.१ | उत्तम | २३.०-२५.० | |
| २.२ | राम्रो | २०.०-२२.९ | |
| २.३ | सामान्य | १७.५-१९.९ | |
| ३. | व्यवसायिकयोजना/दिगोपना/प्रस्तावको आधार | २५ | |
| ३.१ | उत्तम | २३.०-२५.० | |
| ३.२ | राम्रो | २०.०-२२.९ | |
| ३.३ | सामान्य | १७.५-१९.९ | |
| ४. | लगानीको आधार (%)/Letter of intent सहित | १० | |
| ४.१ | ५०% भन्दा बढी | १० | |
| ४.२ | ३५%-४९.९०% | ९ | |
| ४.३ | ३०-३४.९% | ६ | |
| ५. | जैविक विषादी प्रयोगशाला स्थापना सम्बन्धी कार्यमा संलग्नफर्म/कम्पनीको अनुभव | १० | |
| ५.१ | ५ बर्ष भन्दा बढी अनुभवि कम्पनी | १० | |
| ५.२ | ३ देखि ४ बर्ष अनुभवि कम्पनी | ८ | |
| ५.३ | ३ बर्ष भन्दा कम अनुभवि कम्पनी | ६ | |
| | जम्मा:(१+२+३+४+५) | १०० | |

नोट:

क) मूल्याङ्कन समितिले मूल्यङ्कन सम्बन्धी थप sub-criteriaआवश्यक भएमा बनाई कार्यान्वयन गर्न सक्नेछ ।

ख) प्रतिश्पर्धी कम्पनीहरुको मूल्याङ्कन अंक बराबर भएमा नेपाल सरकारबाट कम अनुदान रकम माग गर्ने प्रस्तवलाई प्राथमिकता दिईनेछ ।

ग) माथी तोकीएका बुदामा उपलब्ध प्रमाणकाआधारमा छनौट गरिने छ । स्थलगत प्रमाणीकरणको लागि सर्वैभन्दा बढिअंक ल्याउने अर्थात प्रथम भएकोमा जानुपर्ने छ । सो फेल भएमा क्रमश दोश्रो र दोश्रोपनि फेल भएमा तेश्रोमा जान सकीने छ ।

घ) स्थलगत प्रमाणिकरणका लागि टोलीले तोकिएको ढाँचाको चेकलिष्ट अनुसार स्थलगत प्रमाणिकरणको कार्य सम्पानदन गर्ने छ ।ईन्जिनियर र अन्य प्राविधिकहरु सहितको बढीमा ३ सदस्यीय प्रमाणिकरण टोली यस प्रयोजनका लागि खटाईनेछ ।

## अनुसुची -५

### दफा ३.४.२ बमोजिम प्रतिवद्धता पत्र

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको मिति २०७५/............. को सूचना अनुसार मेशिनरी औजार उपकरण खरिद र जडानको लागि नेपाल सरकारबाट बढीमा ५०% वा रु. २५००००००.० सम्म (नियमानुसार लाग्ने कर सहित)अनुदान सहयोगमा जैविक विषादी प्रयोगशाला स्थापना गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमकव कार्य गर्ने गरी घटीमा ................ बर्ष सम्म निरन्तरता दिनेछु/-दिनेछौ ।कार्य योजना अनुसारको कार्य नगरेमा वा ................ बर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/ गर्दछौ अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला / बुझाउँला ।साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नरगेको र सन्चालित कृयाकलापबाट वतावरणलाई असर नपु-याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/ गर्दछौ । ईतिसम्वत २०७.............. गते रोज ......... शुभम् ।